

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार २ गते आइतबार ❑ 16 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गण्डकी प्रदेशको बजेट ३२ अर्ब ९७ करोड

### कुल बजेटको भौतिक पूर्वाधारमा ३८.५ प्रतिशत बजेट

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार



गण्डकी प्रदेश सरकारले आर्थिक बर्ष २०८१/०८२ को लागि अघिल्लो बर्षको तुलनामा ४४ करोड ८७ लाख कम बजे प्रस्तुतः गरेको छ । आर्थिक वर्ष २०८१/०८२ को लागि प्रदेश सरकारले ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजार रुपैया बराबरको बजेट विनियोजन गरेको हो ।

उक्त बजेट चालु आर्थिक बर्षको भन्दा केही कम भएको शनिबार प्रदेश सभामा आर्थिक मामिला मन्त्री डा.टकराज गुरूङले बताए । उक्त बजेटको पूँजिगत तर्फ ५९.१९ प्रतिशतले १९ अर्ब ५१ करोड ७९ लाख ९३ हजारको बजेट विनियोजन गरिएको उनले बताए । त्यसै गरी चालु तर्फ ३९.९१ प्रतिशत अर्थात १३ अर्ब १६ करोड ५ लाख ८२ हजार बजेट विनियोजन गरिएको छ । गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/०८१ मा ३३ अर्ब ८२ करोड विनियोजन गरेको थियो ।

वित्तीय व्यवस्थातर्फ ३ करोड अर्थात कुल विनियोजनको ०.९० प्रतिशत रकम विनियोजित गरिएको बताउदै मन्त्री डा.गुरुङले सो रकम मध्य आगामी आर्थिक वर्ष १ करोड ७६ लाख ११ हजार प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने अनुमान गरेको जनाए । आगामी आर्थिक वर्ष २०८१/८२ को लागि खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट ७ अर्ब ६३ करोड ८८ लाख, राजस्व बाँडफाँटबाट ९ अर्ब ६१ करोड १२ लाख, रोयल्टी बाँडफाँटबाट ४८ करोड १० लाख, सशर्त अनुदानतर्फ ३ अर्ब १० करोड ११ लाख, समपूरक अनुदानतर्फ १ अर्ब १९ करोड र विशेष अनुदानतर्फ ६५ करोड ५५ लाख प्राप्त हुने अनुमान गरिएको बजेटमा उल्लेख गरिएको छ । प्रदेशको राजस्व परिचालनबाट आन्तरिक राजस्व ५ अर्ब १७ करोड प्राप्त हुने अनुमान गरिएको छ भने चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन पश्चात २ अर्ब ९४ करोड नगद मौज्दात बचत हुने अनुमान गरिएको मन्त्री डा.गुरुङले प्रस्तुत गरेको बजेटमा उल्लेख गरिएको छ ।

यसरी न्यून हुने रकम मध्ये १ अर्ब ७० करोड आन्तरिक ऋणबाट पूर्ति हुने व्यवस्था मिलाएको उनले जनाए । नेपालको संविधानको अनुसूची बमोजिम प्रदेशको क्षेत्राधिकारभित्र रही आन्तरिक राजस्वको क्षेत्रमा करका केही दरलाई घटाइ अन्य दरलाई यथावत राखिएको बजेटमा उल्लेख छ । भौतिक पूर्वाधार क्षेत्रमा आउदो बर्षको लागि १२ अर्ब ७० करोड बजेट विनियोजन गरिएको छ । उर्जा तथा जलश्रोतको क्षेत्रमा भने ४ अर्ब २ करोड बजेट विनियोजन गरिएको छ । कृषि तथा भूमि व्यावस्थापन गर्न २ अर्ब ९ करोड बजेट विनियोजन गरिएको मन्त्री डा. गुरूङले बताए । सामाजिक बिकास तथा स्वास्थको क्षेत्रमा ५ अर्ब ४७ करोड बिनियोजन गरिएको उनले जनाए ।

लगानी प्रबर्द्धनमा जोड दिदै उत्पादन र उत्पादकत्वमा प्रथामिकता दिएको मन्त्री गुरूङले दाबी गरे । व्यावसाय कृषि र उत्पादन गर्न व्यावसायिक कृषिको बिकास गर्न बजेट व्याबस्थापन गरिएको बजेटमा उल्लेख छ । त्यसै गरी गाँजाखेतीको व्यवसाय प्रबर्द्धन गर्न रकम विनियोजन गरिएको छ । पशु खोपको व्यबस्थापन लागि सबै स्थानीय तहमा उपलब्ध गराउने भएको छ । त्यसै गरि बजेटमा प्रदेशका २९ वटा औधोगिक क्षेत्र मध्य ३ वटामा लगानी गर्ने भएको छ । युवा उद्यमी बनाउन सहुलियत दरमा कर्जा उपलब्ध गराउने बजेटमा उल्लेख छ । प्रदेश सभा भवन निमार्णको लागि ९ करोड बजेट विनियोजन गरिएको छ । प्रदेशको विपद व्यबस्थापन कोषमा न्यूनतम १० करोड मौज्दात रहने व्यबस्था मिलाएको छ ।

प्रदेशको बजेटले प्रदेश भित्रका पत्रकारलाई प्रोत्साहन स्वरुप पत्रकार क्षमता विकास कार्यक्रम, पत्रकार लेखनबृत्ति फेलोसिप कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरिएको छ । बजेटले बिद्यार्थी, ज्येष्ठ नागरिक र अपाङगता भएकाहरुको लागि बस, मिनिबस तथा माइक्रोबसको भाडामा छुट सहुलियत दिए वापत सवारी साधन करमा ६० प्रतिशत छुटको व्यबस्था मिलाएको बजेटमा उल्लेख छ । एक निर्वाचन क्षेत्र एक प्रविधिमैत्रि स्मार्ट कृषि फार्म संचालन गरिने भएको छ । होमस्टे जाउ स्थानीय कला संस्कृतिमा रमाऔं, राउण्ड फेवा भ्यू फेवा कार्यक्रमलाई आवश्यक बजेट विनियोजन गरिएको छ भने पदमार्गको संरक्षण पर्यटनको प्रबर्द्धन कार्यक्रम समेत ल्याईएको छ । एक सामुदायिक वन एक पोखरी कार्यक्रम बजेटमा समेटिएको छ । स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउनका लागि लक्षित वर्गमा स्वास्थ्य बीमा, रगत तथा रक्तजन्य पदार्थको निःशुल्क उपलब्धता, कडा रोगको उपचारमा आर्थिक सहायता, ज्येष्ठ नागरिक तथा बालबालिकाहरूको लागि निःशुल्क परीक्षण, जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरूको हवाई उद्धार लगायतका सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेटको व्यवस्था मिलाएको मन्त्री डा.गुरुङले जनाए । विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवालाई विकास र विस्तार गर्न मनाङ र मुस्ताङ जिल्ला अस्पताललाइ २५ शैश्या र पर्वत, स्याङ्जा, दमौली, मध्यविन्दु र मातृशिशु अस्पताललाई ५० शैश्या क्षमतामा स्तरोन्नति गर्न तथा गोरखाको आँपपिपल अस्पताल र बाग्लुङको बुर्तिबाङ प्रादेशिक अस्पताललाई सञ्चालनमा ल्याउन आवश्यक बजेटको व्यवस्था गरिएको बजेटमा उल्लेख छ । संक्रामक तथा सरुवा रोग अस्पताललाई प्रदेशको विशिष्टीकृत अस्पतालको रुपमा विकास गरिने भएको छ भने प्रदेशस्थित रेफरल अस्पतालमा न्युरो इन्टरभेन्सन रेडियोलोजी सेवा, मातृशिशु मितेरी अस्पतालमा निःसन्तानपनको उपचार सेवा र हिमाली तथा उच्च पहाडी क्षेत्रका स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति, उपकरण र प्रविधिसहित उच्च भेगीय विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको उनले जनाए ।

युवालाई उद्यमशीलता र प्रोत्साहन गर्न सहुलियतदर पूर्ण व्याजदरमा बिउ पूंजि उपलब्ध गराउन, उचाईमा खेलः खेलमा उचाई, युवा प्रतिभा सम्मान यवा उद्यमी प्रोत्साहन गर्न बजेटमा व्यबस्था गरिएको छ । प्रदेशबासी नागरिकको बृहत्तर हितलाई केन्द्रबिन्दुमा राखी नेपालको संविधान, नेपाल सरकारको सोहौं पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाको सोच, प्रदेश सभामा प्रस्तुत गरिएको विनियोजन विधेयकमा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आधारलिई बजेट तर्जुमा गरिएको मन्त्री डा.गुरुङले जनाए । "आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशबासी" को सोचका साथ दोस्रो पञ्चवर्षीय योजनाले तय गरेको विकासको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रिय पुँजी निर्माण गर्ने महाअभियान सुरु गरौं : पूर्व मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार



नेकपा (एमाले) स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले राष्ट्रिय पुँजी निर्माण गर्ने महाअभियान सुरु गर्नुपर्ने बताउनु भएको छ ।

शनिबार पोखरामा आयोजित नेकपा (एमाले) बुद्धिजीवी इलाका कमिटी कास्कीको नवौं इलाका अधिवेशनको उद्घाटन कार्यक्रममा बोल्दै उहाँले यसको लागि उद्योगलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । विदेशको उत्पादन बेच्दै दलाल पुँजीवादको सेवा गरेर राष्ट्रिय पुँजी निर्माण गर्न नसकिने उहाँको भनाई थियो । 'हामीले उद्योग नखोलिन्जेलसम्म राष्ट्रिय पुँजी निर्माण हुँदैन । उद्योगलाई प्राथमिकता दिनुपर्छ' उहाँले भन्नुभयो । त्यसको लागि पब्लिक प्राइभेट पार्टनर सिप (पीपीपी) मोडल मार्फत जनतालाई समेत उद्योगको शेयर दिने खालका कार्यक्रम ल्याउनुपर्नेमा उहाँको जोड छ । विगतका गुणगान मात्र नगाएर सुन्दर भविष्य निर्माण गर्न विना अन्यौल अगाडि बढ्नुपर्ने बताउनुभयो । 'अब हामी विगतका गुणगान गाएर समय बर्बाद गर्न सक्दैनौं, जे भयो धन्यवाद नै छ, हामी वर्तमानमा उभिन्छौ र भविष्य बनाउन विना अन्योल जानुपर्नेछ' उहाँले थप्नुभयो । नेपाली मोडलको समाजवादको अर्थतन्त्र कस्तो हुने भन्नेमा छलफल चलाउनुपर्ने भन्दै बुद्धिजीवीलाई त्यसको अगुवाई गर्न आग्रह गर्नुभयो ।

## गण्डकी प्रदेशस्तरीय क्रिकेट : कास्की र तनहुँ विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

कास्कीको पोखरा रङ्गशालामा सञ्चालन भइरहेको गण्डकी प्रदेशस्तरीय टी-२० पुरुष क्रिकेट प्रतियोगितामा कास्की र तनुहँ विजयी भएका छन् । दुवै जिल्ला लगातार दोस्रो खेलमा विजयी भएका भएका हुन् ।

शनिबार भएको पहिलो खेलमा घरेलु टोली कास्कीले म्याग्दीलाई सात विकेटले पराजित गर्‍यो । म्याग्दीले टस जितेर ब्याटिङ गर्दै १८ दशमलव पाँच ओभरमा सवै विकेट गुमाएर ७५ रन बनायो । 'म्यान अफ दि म्याच' घोषित कास्कीका कृष्ण पौडेलले चार विकेट लिए । यस्तै सिब्रिन श्रेष्ठ र विश्वास पराजुलीले दुई दुई तथा विपिन खत्री र आदित्य थापाले एक एक विकेट लिए । ब्याटिङतर्फ म्याग्दीका लागि केशव साउदले २७ बलमा १६ रन बनाउनु बाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बटुल्न सकेनन् । कास्कीका लागि अर्जुन कुमालले अविजित रहँदै ३१ बलमा पाँच चौका प्रहार गरी ३६ रन बनाए । सिब्रीन श्रेष्ठले १० बलमा १६ तथा रोहित चन्दले ११ बलमा २१ रन बनाए ।

दोस्रो खेलमा टस जितेर तनहुँले बाग्लुङलाई ब्याटिङको निम्तो दियो । बागलुङले निर्धारित २० ओभरको खेलमा नौ विकेटको क्षतिमा एक सय २३ रन बनायो । बागलुङका कप्तान आकाश तामाङले ३० बलको सामना गर्दै पाँच चौका र एक छक्काको मद्दतमा ३५ रन बनाए । यस्तै चन्द्रदिप यादवले २५ रन बनाए । बलिङतर्फ तनहुँका लागि क्रिश ऐरले तीन ओभरमा १२ रन खर्चिएर दुई विकेट लिए । यस्तै चन्द्रकान्त पौडेलले दुई विकेट लिए । जितका लागि एक सय २४ रन पछ्याएको तनहुँले १९ दशमलव चार ओभरमा आठ विकेट गुमाएर लक्ष्य पुरा गर्‍यो । जितसँगै कास्की र तनहुँले समान चार चार अङ्क बटुलेका छन् । आइतबार कास्की र तनहुँबीच तथा बागलुङ र म्याग्दीबीच खेल हुने प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिए । उक्त प्रतियोगिताबाट कर्णाली प्रदेशमा आयोजना हुने १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि टोली छनोट गरिने उहाँले बताउनुभयो । प्रदेश खेलकुद परिषद्को आयोजना तथा प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा गत जेठ ३२ गतेदेखी सुरु भएको प्रतियोगिताको विजेताले रु एक लाख र उपविजेताले रु ५० हजार पुरस्कार प्राप्त गर्नेछ । प्रतियोगितामा आठ जिल्ला सहभागी छन् । कास्की, बाग्लुङ, म्याग्दी र तनहुँ समुह 'ए' मा तथा स्याङ्जा, नवलपुर, गोरखा र पर्वत समुह 'बि' रहेका छन् ।

## सरस्वती प्रतीक्षाको उपन्यास 'स्व' सार्वजनिक

**रासस**
काठमाडौं, १ असार

सरस्वती प्रतीक्षाद्वारा लिखित उपन्यास 'स्व' सार्वजनिक भएको छ । 'बुकहिल पब्लिकेसन प्रालि'ले यहाँ शनिबार आयोजना गरेको कार्यक्रममा लेखिकाद्वय प्रतीक्षा र सगुना शाह तथा लेखक घनश्याम खड्काले संयुक्त रूपमा उक्त उपन्यास सार्वजनिक गर्नुभएको हो ।

उपन्यासमा वर्तमान मानिसभित्रका बेचैनी, अशान्ति, बेखुसी र अन्तरद्वन्द्वका एक र अनेक कथा तथा आफू आफैँसँग नहुँदा र आफू-आफूजस्तो नहुँदाका घटना तथा दुर्घटनालाई समावेश गरिएको छ । "मूल कथामा बौद्धमार्गप्रतिको प्रेम छ, तथापि मौलिक अनुभव र अनुभूतिको बलमा आफूले आफैँलाई खोजिरहँदाका आरोह-अवरोहले उपन्यासको कथालाई चित्ताकर्षण र बलियो बनाएको छ", लेखिका प्रतीक्षाले भन्नुभयो ।


उपन्यास पढ्दै गर्दा हरेक पाठकले आफूलाई उपन्यासको मात्रै नभई अस्तित्व-खोजको नायकका रूपमा पाउने उहाँको भनाइ थियो । लेखकद्वय शाह र खड्काले सरल भाषाशैली, कथाको प्रस्तुतीकरण र शिल्पसहितको लेखनका कारण 'स्व' उपन्यासले पाठकको मन जित्न सफल हुने विश्वास व्यक्त गर्नुभयो । यसअघि लेखिका प्रतीक्षाको 'नथिया' उपन्यास सार्वजनिक भएको थियो ।

## एघार जिल्लामा एमालेको अधिवेशन बाँकी

**रासस**
काठमाडौं, १ असार

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११ जिल्लामा अधिवेशन गर्न बाँकी रहेको छ । पार्टीले जेठ मसान्तभित्रमा सबै जिल्लामा अधिवेशन सक्न निर्देशन दिए पनि ती जिल्लामा अझै अधिवेशन सम्पन्न हुन सको छैन ।

एमाले निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बाले निर्धारित समयमा ६६ जिल्लाका अधिवेशन सम्पन्न भइसकेको जानकारी दिनुभयो । "जेठ महिनाभित्र जिल्ला अधिवेशन सकाउने निर्देशन दिएका थियौँ, अधिवेशन गर्न बाँकी जिल्लामा प्रदेश कमिटीको समन्वयमा चाँडै समय तोकिने छ ।" अध्यक्ष डा सुब्बाका अनुसार कोशी प्रदेशको इलाम, मोरङ र तेह्रथुम, मधेस प्रदेशको सिरहा, सप्तरी र धनुषा, गण्डकी प्रदेशको मनाङ, कर्णाली प्रदेशको डोल्पा तथा सुदूरपश्चिम प्रदेशको अछाम, बझाङ र डोटी जिल्लाको अधिवेशन गर्न बाँकी छ । सदस्यता वितरण र आन्तरिक विवादका कारण ती जिल्लाको अधिवेशन निर्धारित समयमा हुन नसकेको उहाँले बताउनुभयो ।



# भदौ दोश्रो साता ईन्टर स्कुल व्याण्ड कम्पिटिसनको दोश्रो संस्करण हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

पोखरामा भदौ दोश्रो साता ईन्टर स्कुल व्याण्ड कम्पिटिसन हुने भएको छ।

पोखरा सांगीतिक कलाकार संघ नेपालको आयोजनामा आगामी भदौ १४ र १५ गते खुल्ला ईन्टर स्कुल व्याण्ड कम्पिटिसन हुने शनिबार पोखरामा पत्रकार सम्मेलन गरेर जानकारी दिइएको हो । दुई दिनसम्म हुने कार्यक्रम पोखरा सभागृह हलमा हुने जनाइएको छ। 'शिक्षासँगै संगीत' भन्ने मूल नाराका साथ हुने प्रतियोगितामा कक्षा ८ देखि कक्षा १२ सम्मका विद्यार्थीले सहभागिता जनाउन पाउने पोखरा सांगीतिक कलाकार संघका अध्यक्ष तथा प्रतियोगिता संयोजक हर्कराज गुरुङ (भाई)ले जानकारी दिए।



पहिलो संस्करणमा ईन्टर कलेज व्याण्ड कम्पिटिसन आयोजना गरेको संघले यसपटक प्रतियोगितालाई परिमार्जन गर्दै ईन्टर स्कुल व्याण्ड कम्पिटिसन गर्न लागेको उनले प्रष्ट्याए । स्कुल र कलेजका विद्यार्थीबीच प्रतिष्पर्धा गराउँदा लेभल मिलेन,उनले भने,' त्यसैले यस पटकदेखि विद्यालय स्तरिय प्रतियोगिता गर्ने निर्णय गर्‍यौं'-उनले भने । ग्रास रुटबाटै कला र संगीतका प्रतिभा खोज्ने र उनीहरुको प्रतिभा निखार्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको उनको भनाई छ । प्रतियोगितामा सहभागिताका लागि स्कुल लेभलका व्याण्डहरुले फारम भर्नुपर्ने संघले जनाएको छ। फारम भरेकाहरुले भिडियोमार्फत डिजिटल अडिसन दिनुपर्ने र सो प्रस्तुतीका आधारमा छनौट गरिने संघका अध्यक्ष गुरुङले जानकारी दिए। त्यसपछि फिजिकल अडिसन दिनुपर्ने र सो राउण्डमा स्कुल व्याण्डहरुले गण्डकी प्रदेशका सर्जकहरुको गीत प्रस्तुत गर्नुपर्ने प्रावधान राखिएको छ। त्यसमा छनौट भई फाईनलमा पुगेकाहरुले एउटा आफ्नो मौलिक र अर्को गण्डकी प्रदेशका सर्जकहरुको गरेर दुईवटा गीत प्रस्तुत गर्नुपर्ने प्रावधान राखिएको अध्यक्ष गुरुङले बताए । सोहि प्रस्तुतीका आधारमा बिजेता, उपबिजेतालगायतको घोषणा गरिने उनको भनाई छ।

प्रतियोगिताले पोखराको सांगीतिक माहोल तताउँदै व्याण्डहरुलाई पुनःजागृत गराउने संघको विश्वास छ। प्रतियोगिताले विद्यालयमा अध्ययनरत विद्यार्थीमा लुकेर रहेका प्रतिभाको उजागर गर्नुका साथै विद्यालयमा शिक्षासँगै सांगीतिक माहोल सिर्जना गर्नका लागि वातावरण बनाउने अध्यक्ष गुरुङले बताए। पत्रकार सम्मेलनमा सहभागि प्याब्सन कास्कीका अध्यक्ष मथुरा पौडेलले स्कुल स्तरमा संगीतको माहौल बनाउन प्रतियोगिता सहयोगी भएको बताए। स्कुलमा संगीत पहिलेपनि सिकाउने गरिन्थ्यो,उनले भने,'तर सिकाएको परिणाम कस्तो छ भन्ने थाहा हुँदैनथ्यो । प्रतियोगिताले हाम्रो स्तर र सुधार्नुपर्ने कुरा उजागर गरेको छ। यसले स्कुलमा संगीतको माहौल बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।' उनले प्रतियोगिताका लागि प्याब्सन कास्कीले न्यूनतम ५० हजार सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमापनि सहयोगलाई निरन्तरता दिने बताए। प्रतियोगिताको उपाधि बिजेतालाई नगद १ लाखसहित प्रमाणपत्र, उपबिजेतालाई नगद ५० हजार र तेश्रो हुनेलाई नगद २५ हजारसहित प्रमाणपत्र प्रदान गरिने जनाइएको छ । त्यस्तै, प्रतियोगितामा उत्कृष्ट भोकल, लिड गिटार, बेस गिटा, उत्कृष्ट ड्रमर, पब्लिक च्वाईस र जज च्वाईस लाईपनि नगद ५/५ हजारसहित प्रमाणपत्र प्रदान गरिने सचिव श्रेष्ठले जानकारी दिए।

# रक्तदानमा ३८ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

नेपाल पर्यटक यातायात व्यवसायी संघ (एनटिभिए) गण्डकी प्रदेश र लायन्स क्लब अफ पोखरा लेक भ्यालीद्वारा संयुक्त रुपमा आयोजित रक्तदान कार्यक्रममा ३८ युनिट रगत संकलन भएको छ ।

रक्तदानको शुभारम्भ गर्दै पोखरा महानगरपालिका वडा नं ६ का वडा अध्यक्ष विष्णुबहादुर भट्टराईले रक्तदान जीवनदान भएको बताउनुभयो । पोखरामा आएका भारतीय पर्यटक बसहरू यहाँका स्थानीय दृश्यावलोकनका गन्तव्यमा समेत पुग्दा यातायात व्यवस्थापनमा असहजका साथै यहाँका व्यवसायीहरू मर्कामा परिरहेको बताउँदै उहाँले यसका लागि सम्बन्धित निकायमा पहल गर्ने विश्वास व्यक्त गर्नुभयो । एनटिभिए गण्डकीका अध्यक्ष एवम्



लायन्स क्लब अफ पोखरा लेक भ्यालीका सचिव दुर्गादत्त दहालले सामाजिक उत्तरदायित्व बहन गर्दै यस किसिमका कार्यक्रमलाई निरन्तरतादिदै आइएको बताउनुभयो।

लायन्स क्लब अफ पोखरा लेक भ्यालीका अध्यक्ष एवम् पोखरा पर्यटन परिषद्का द्वितीय उपाध्यक्ष तारानाथ पहारीले प्रत्येक थोपा थोपा रगतको महत्व हुने बताउँदै रक्तदान अरुका लागि जीवनदान हुने उल्लेख गर्नुभयो । एनटिभिए गण्डकीका अध्यक्ष दुर्गादत्त दहालको अध्यक्षता एवम् एनटिभिए गण्डकीका महासचिव एवम् कार्यक्रम संयोजक विकास कंडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा एनटिभिए गण्डकीका पूर्व अध्यक्ष एवम् सल्लाहकार बोबरजंग गुरुङ, सल्लाहकारहरू सोमबहादुर थापा, गणेशबहादुर सापकोटा, पर्यटन सम्बद्ध संघ संस्थाका अध्यक्ष एवम् प्रतिनिधि लगायतको उपस्थिति थियो ।

# गैह्रपाटन नेवा: समाजलाई लाखे नाचको सामग्री

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

वडा ९ मा सहयोगको लागि फाइल बोकेर आउनु भएको थियो गैह्रापाठन नेवाः समाजका अध्यक्ष नारायण कुमार श्रेष्ठ।

अध्यक्ष मात्र नभै लक्ष्मी पहारीको असल गुरु हुनुहुन्थ्यो नारायण कुमार । वडा नं ९ कै वडा सदस्य हुन लक्ष्मी पहारी । दाइने हातमा आर्थिक सहयोगको फाइल बोकेर आउनु भएको गुरुको दर्शनपछि मन कट्क खायो सदस्य पहारीको। गुरुले पनि राम्रो उद्देश्यकै लागि लाखे नाचको सामग्री किन्न पैसा उठाउन हिड्नु भएको हो । गुरुले हिसाव पढाएर आज जीवनमा धेरै अगाडि बढेको स्मरण गराउँदै आफ्नो वडा अध्यक्ष सँग सामग्रीको वारे जानकारी दिंदा अध्यक्षले सहजै स्विकार गर्नु भएको पहारीले वताउनु भयो । गुरुलाई जीवनमा केही गर्न नसकेपनि आज थोरै सहयोग भएपनि गर्न मौका पाएका जीवनमा पहिलो पटक खुशीले मन गदगद भएको पहारीले भन्नुभयो। उता गुरु नारायण पनि विद्यार्थीको सहयोगले जीवनमा खुशी मध्यको आजको खुशी सदैव यादहुने भन्नु भयो । उनै सदस्य पहारीको सहजीकरणमा



पोखरा महानगरपालिका वडा नम्बर ९ ले गैह्रापाटन नेवाः समाजलाई शनिवार लाखे नाचको लागि आवश्यक सामग्री प्रदान गरेको छ।

नेवाः खल कास्कीको नेवा छेंमा आयोजित कार्यक्रममा धिमे बाजा २ थान, ढोलकी २ थान, झ्याली २ थान, लाखे पोसाक १ थान, ख्वापा तथा चम्मर प्रदान गरिएको हो । ती सामग्री १ लाख रुपैयाँ बराबरका छन् । सामग्री हस्तान्तरण कार्यक्रममा पोखरा ९ का वडाध्यक्ष दिपेन्द्र मर्सानीले नेवारी परम्परा र संस्कृति जगेर्ना गर्ने कार्यक्रममा वडाको तर्फबाट सधैँ सहयोग र सद्भाव रहने बताउनु भयो। वडा सदस्यहरु लक्ष्मी पहारी, नन्दराम गिरी तथा गीता नेपालीको उपस्थिति रहेको कार्यक्रममा वडा सचिव कुलराज पौडेलले सहयोग प्राप्त भएको सामग्रीको सुरक्षा र संस्कृति अन्य जातजातिमा पनि हस्तान्तरण गर्नुपर्ने भन्नुभयो । गैह्रापाटन नेवाः समाजका अध्यक्ष नारायण कुमार श्रेष्ठले सो सहयोग नेवारी संस्कृति जगेर्नाको लागि अत्यन्त उपलब्धिमूलक रहेको जानकारी दिनुभयो। नेवारी संस्कृति संरक्षणमा ठूलो सहयोग पुग्ने सामग्री प्राप्त भएकोमा वडा नं ९ का अध्यक्ष तथा वडासदस्यहरुलाईधन्यवादज्ञापनगर्नु भयो। नेवाः खल कास्कीका अध्यक्ष अशोक पालिखेको अध्यक्षतामा भएको कार्यक्रम सञ्चालक वरिष्ठ उपाध्यक्ष तीर्थ श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा गैह्रापाटन नेवाः समाज, गैह्रापाटन नेवाः मिसा पुचः, गैह्रापाटन ल्याम्ह पुचःका पदाधिकारी तथा सदस्य उपस्थित रहेको थियो।

# गण्डकी नारी सम्मानबाट डा.आलियामा सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार

विश्वको पहिलो महिलाहरु मात्र आवद्ध लायन्स क्लव अफ पोखरा गण्डकीले शिक्षा तथा समाजिक क्षेत्रमा उल्लेखानिय योगदान पुऱ्याएकी शिक्षाबिद डा.अलियामा जोनलाई 'गण्डकी नारी सम्मान' बाट सम्मान गरेको छ।



भारतको केरलामा जन्मिएर पोखरालाई २०१७ साल देखि कर्मभूमि बनाउँदै यस क्षेत्रको शैक्षिक बिकाससंगै सामाजिक क्षेत्रमा उल्लेखनिय योगदान गर्दै अएकी डा.अलियामालाइ नगद रु २५ हजार र सम्मान पत्र सहित ' गण्डकी नारी सम्मान' कार्यक्रमबाट सम्मानित गरिएको हो । यसअघि सञ्चारकर्मी निर्मला शर्मा, गायीका बाबा राणा, समाजसेवी राधा कुँवर लगायतलाई क्लवले सम्मान गरिसकेको छ। क्लवले ११ बर्षदेखि नियमितरुपमा शिक्षा, स्वास्थ्य, वातावरण लगायत समाज सेवाका बिभिन्न क्षेत्रमा कार्य गरेका महिलाहरु मध्येबाट प्रत्येक बर्ष यो सम्मान प्रदान गर्दै आएको क्लवका पूर्व अध्यक्ष एवं लायन्स क्लव अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ 'जे' नेपालका कोचिफ एडभाईजर बिमला श्रेष्ठले बताइन । सम्मान कार्यक्रमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि पत्रकार एवं साहित्यकार बबिता बस्नेतले ३७ बर्ष पहिले पोखराका महिलाहरुले खोलेको विश्वकै पहिलो महिलाहरु मात्र सम्मेलित क्लवले समाजमा उत्कृष्ट कार्यगर्ने ब्याक्तित्वहरुलाई बर्षैनी सम्मन गर्दै आएकोमा प्रसंशा गरिन् । उनले यस पटक गण्डकी लायन्सले नेपालकै शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने डा.अलियामालाई सम्मान गरेर आफूलाई आफुलाई उत्कृष्ट क्लवकारुपमा स्थापित गरेको बताइन् । उनले भनिने,'नेपालमा लायन्स क्लवहरुले समाज समाज सेवाका क्षेत्रमा धेरै महत्वपूर्ण कार्यहरु गरेका छन । प्रमुख अतिथि बस्नेतले नेपालमा पछिल्लो समय शिक्षा, चतनासंगै इन्टरनेट प्रविधिको तिव्र विकासले सामाजिक विखण्डन ल्याउन थालेको बताईन । उनले भनिनन्,' पछिल्लो समय शिक्षा र इन्टरनेट प्रविधिको विकाससंगै समाजमा साइवर अपराध बढाएको छ । ईन्टरनेट, मावाइल लगायतका प्रविधिपछि समाजमा विभिन्न खालका अपराधिका गतिविधिहरु बढेका छन । सामाजिक संजालको माध्यमबाट पारिवारिक बिखण्डनका घटना बढ्दै गएका छन । यस्ता घटनामा महिलाहरु बढी पीडित भएका छन । विकासक्रमसंगै विनाशका घट्ना बढ्दै गएकाले सचेत बन्ने अवस्था आएको छ।' उनले पछिल्लो समय शिक्षासंगै सामाजिक विकास भएपनि पुरुषहरुले महिलाहरु प्रति गर्ने ब्यवहारमा खासै सुधार नआएको टिप्पणी गरिन।

कार्यक्रममा बिशेष अतिथि एवं शिक्षाविद जर्ज जोनले लायन्सहरुले समाज विकास र सेवाका क्षेत्रमा महत्वपूर्ण कार्य गरेको बताए । उलने गण्डकी लायन्से गरेको सय सम्मानले महिलाहरुलाइ सेवाका क्षेत्रमा योगदान गर्न उत्प्ररित गर्ने बताए। लायन्स क्लव अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ 'जे' नेपालका द्धितिय भाइस गभर्नर प्रजापति बास्तोलाले नारीहरुको सम्मान गरेमात्र समाज समृद्ध बन्ने बताए। उनले हरेक घरमा पुरुषले गर्ने ब्यवहारमा परिवर्तन आए महिलाले सम्मानित ठाक्ने बताए । डा.माया लामाले सम्मानित डा.अलियामाले शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान गरेको बताउदै उनीबाट शिक्षा लिएकाहरुले पूर्वपश्चिमदेखि मेची, महाकालीसम्म सेवाका क्षेत्रमा रहेको बताइन। सम्मानित ब्याक्तित्व डा.अलियामाले विश्वकै महिलाहरुले मात्र नेतृत्व गरेको यस क्लवले गरेको सम्मानबाट गौरवान्वित भएको बताइन । उनले पोखरा क्षेत्रमा आफूले देखेको विगतलाइ सम्झदै क्रमश समाज रुपान्तरण भएको बताउँदै महिलालाइ घर परिवार र समाजमा कार्य गर्ने वातावरण अझै नवनेको उल्लेख गरिन। पोखरास्थित रहेको पृथ्बीनारायण क्याम्पसको स्थापना गर्न महत्वपूर्ण योगदान गरेका शिक्षाविद जर्ज जोनकी धर्मपत्नी समेत रहेकी उनले लामो समय यही क्याम्पसमा अध्यापन गराएकी थिइन। झण्डै तिन दशक पियन कलेजको अध्यायनपछि जर्ज जोनसंगै लामोसमय पोखरास्थित अमससिंह स्कूलमा अध्यापन गराएकी थिइन।

## गण्डकी ...


मार्गचित्र पुरा गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सृजना, प्रदेशबासी नागरिकको हित अभिवृद्धि तथा प्रदेशको समग्र विकासमा विशेष जोड दिएको उनले जनाए। प्रादेशिक अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै सार्वजनिक र निजी क्षेत्रको सहभागिता मार्फत लगानी प्रवर्द्धनमा जोड दिई बजेट तर्जुमा गरिएको बजेटमा उल्लेख छ। समतामूलक आर्थिक समुन्नति र उदार लोकतन्त्रलाई संस्थागत गरी संघीयताको लाभ आम नागरिकमा समन्यायिक तवरले वितरण गर्न तथा लोकतान्त्रिक मुल्य र मान्यताहरु नागरिकको जीवनमा अनुवाद गर्न अन्तरसरकार व्यवस्थापन प्रभावकारी हुन आवश्यक ठानेको मन्त्री डा.गुरुङले जनाए । उक्त बजेटले पृथ्बीजयन्ती मनाउनुका साथै पोखरामा पृथ्बीनारायण शाहको शालिक निर्माण गर्ने उल्लेख गरेको छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सातै प्रदेशको बजेट २ खर्ब ७८ अर्ब

सात वटा प्रदेशले आगामी आर्थिक वर्षका लागि २ खर्ब ७८ अर्ब ६७ करोड रुपैयाँभन्दा बढीको बजेट ल्याएका छन् । सात वटा प्रदेश अर्थमन्त्रीहरूले आर्थिक वर्ष २०८१-८२ का लागि आ-आफ्नो प्रदेश सभाको बैठकमा कूल २ खर्ब ७८ अर्ब रुपैयाँभन्दा बढीको बजेट प्रस्तुत गरेका छन । सात वटा प्रदेशले छुट्टाछुट्टै ल्याएको बजेटको कूल आकार २ खर्ब ७८ अर्ब हुने भएको छत पशमध्ये बागमतीले सबैभन्दा ठुलो र कर्णालीले सबैभन्दा सानो आकारको बजेट प्रस्तुत गरेका छन् । बागमतीले आगामी वर्षका लागि ६४ अर्ब ५४ करोड पैयाँको बजेट ल्यायो । प्रदेशका अर्थमन्त्री जगन्नाथ थपलियाले बागमती प्रदेश सभामा सो आकारको बजेट प्रस्तुत गरेका हुन् । यसै गरी कर्णाली प्रदेशले सबैभन्दा सानो आकारको बजेट ल्यायो । प्रदेशका अर्थमन्त्री महेन्द्र केसीले ३१ अर्ब ४१ करोड रुपैयाँको बजेट ल्याएको घोषणा गरे । जुन, सात प्रदेशमध्ये सबैभन्दा न्यून हो ।

यसै गरी मधेसले बागमती प्रदेशपछि सबैभन्दा ठुलो आकारको बजेट ल्याएको छ । मधेसले आगामी वर्षका लागि ४३ अर्ब ८९ करोड रुपैयाँको बजेट ल्यायो । प्रदेश सरकारका अर्थमन्त्री भरतप्रसाद शाहले आगामी वर्षका लागि बजेट भाषण गर्दै सो आकारको हुने घोषणा गरेका हुन् । यसपछि लुम्बिनीले ३८ अर्ब ९७ करोड रुपैयाँको, कोसीले ३५ अर्ब २७ करोड रुपैयाँको, गण्डकीले ३२ अर्ब ९७ करोड रुपैयाँको बजेट प्रस्तुत गरे । लुम्बिनीका अर्थमन्त्री चेतनारायण आचार्य, कोसीका अर्थमन्त्री रामबहादुर मगर र गण्डकीका अर्थमन्त्री डा. टकराज गुरुङले आ-आफ्ना प्रदेशका लागि आगामी वर्षको बजेट पेस गरे । यसै गरी सुदूरपश्चिम प्रदेशले कर्णालीको भन्दा थोरैले मात्रै ठुलो आकारको बजेट ल्याएको छ । सुदूरपश्चिम प्रदेशले आगामी वर्षका लागि ३१ अर्ब ६२ करोड रुपैयाँको बजेट ल्यायो । जुन, कर्णालीकोभन्दा २१ करोड रुपैयाँले मात्रै बढी हो । सुदूरपश्चिमका अर्थमन्त्री सुरेन्द्र बहादुर पालले आगामी वर्षको आय-व्ययको अनुमान सुनाए ।

संवैधानिक व्यवस्थाअनुसार प्रदेश सरकारहरूले असार १ गते बजेट प्रस्तुत गर्ने पर्छ । नेपालको संविधान, २०७२ को व्यवस्थाअनुसार जेठ १५ गते संघीय सरकारले र असार १ गते प्रदेश सरकारले आगामी वर्षको बजेट ल्याउनैपर्छ । यस्तै स्थानीय तहले असार १० गतेसम्ममा आगामी वर्षको बजेट ल्याउनु पर्छ । यही व्यवस्थाअनुसार प्रदेश सरकारले आगामी वर्षका लागि बजेट प्रस्तुत गरेका हुन् । यसअघि जेठ १५ गते संघीय अर्थमन्त्री वर्षमान पुनले बजेट पेस गरेका थिए । उनले प्रतिनिधि र राष्ट्रिय सभाको संयुक्त बैठकमा १८ खर्ब ६० अर्ब रुपैयाँभन्दा बढीको बजेट प्रस्तुत गरेका थिए । सो बजेटमा प्रदेश तथा स्थानीय तहका लागि विनियोजन गरिएको बजेटलाई समेत स्रोतकारुपमा प्रयोग गरेर प्रदेशहरूले बजेट बनाएका हुन् । संघले दिने अनुदान र रोयल्टीलाई नै प्रदेश सरकारले बजेटको मुख्य स्रोतकारुपमा प्रयोग गर्नेछन् । आन्तरिक कर र राजश्व भने न्यून उठ्ने अर्थमन्त्रीहरूले जिकिर गरेका छन ।

लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि सार्वजनिक गरेको ३८ अर्ब ९७ करोड रुपैयाँको बजेट मध्ये चालुतर्फ ११ अर्ब २४ करोड २७ लाख ८४ हजार अर्थात् २८ दशमलव ८७ प्रतिशत र पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख अर्थात् ६३ दशमलव ०९ प्रतिशत विनियोजित छ । वित्तीय हस्तान्तरणका लागि ३ अर्ब १४ करोड १३ लाख १६ हजार अर्थात् ८ दशमलव ०६ प्रतिशत अनुमान गरिएको छ । लुम्बिनी प्रदेशको समग्र आर्थिक क्षेत्रलाई चलायमान बनाउँदै उच्च, दिगो आर्थिक वृद्धि सहितको आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकासमा जोड दिइएको छ । त्यस्तै गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँच, भौतिक पूर्वाधारको परिमाण र गुणस्तर अभिवृद्धि गर्दै समृद्धिका सम्भाव्यता क्षेत्रहरु पहिचान गर्ने उल्लेख छ । कृषि, पर्यटन विकासको प्रवर्द्धन गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने स्वरोजगर बनाउने लक्ष्य रहेको अर्थमन्त्री आचार्यको दावी छ ।

# नेपाल एक रनले पराजित

रासस
काठमाडौं, १ असार

आइसिसी टि-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत शनिबारको खेलमा नेपाल दक्षिण अफ्रिकासँग एक रनले पराजित भएको छ । हारसँगै नेपालको अन्तिम आठमा पुग्ने सम्भावना सकिएको छ ।

वेस्टइन्डिजको सेन्ट भिसेन्टस्थित आर्नोस भले ग्राण्ड किङ्सटाउन रङ्गशालामा भएको खेलमा दक्षिण अफ्रिकाका टाबरेज साम्सीले एकै ओभरमा दुई महत्वपूर्ण विकेट लिएपछि नेपाल दबाबमा पुगेको थियो । नेपालले खेलको आठौं ओभरको दोस्रो बलमा ओपनर कुशल भुर्तेललाई गुमाएको थियो । उनी २१ बलमा १३ रन बनाएर बोल्डआउट भएका थिए । त्यसपछि क्रिजमा आएका कप्तान रोहितकुमार पौडेल दोस्रो बलको सामना गर्ने क्रममा साम्सीबाट बोल्ड आउट भए । त्यसपछि नेपालले तेस्रो विकेटका रुपमा अनिल शाहलाई गुमाउन पुग्यो । अनिल २४ बलमा तीन चौका र एक छक्का प्रहार गर्दै २७ रनमा आउट भए । आउट हुनु अगाडि उनले ओपनर आसिफ शेखसँग राम्रो साझेदारी गरेका थिए । नेपालले ३५ रन जोड्दा कुशल भुर्तेल र कप्तान रोहितकुमार पौडेल आउट भएपछि अनिल क्रिजमा आएका थिए । अनिलले आसिफसँग ५० रनको साझेदारी गरेका थिए ।

ओपनर आशिफलाई नेपालले पाँचौ विकेटको रुपमा गुमाएको थियो । आशिफले ४९ बलमा चार चौका र एक छक्का प्रहार गर्दै ४२ रन बनाए । दीपेन्द्रसिंह ऐरी छ रनमा आउट भए भने कुशल मल्ल एक रनमा पेभिलियन फर्किए । गुल्सन झा छ रनमा आउट हुँदा सोमपाल कामी आठ रनमा अविजित रहे । दक्षिण अफ्रिकाका टाबरेज साम्सी एक्लैले चार विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय १५ रनको योगफल बनाएको थियो । उसका लागि रिजा हेन्डरिक्सले सर्वाधिक ४३ रनको योगदान दिए । कूल ४९ बल खेलेका उनले पाँच चौका र एक छक्का प्रहार गरे । साथै टिस्टन स्टब्सले १८ बलमा दुई चौका र एक छक्काको मद्धतमा २७ रन बनाए भन आइडेन मार्करमले २२ बलमा दुई चौका प्रहार गर्दै १५ रन जोडे । क्वान्टन डेककले ११ बलमा १० रन जोडे भने डेभिड मिलरले सात रन बनाए । नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक चार विकेट लिए भने दीपेन्द्रसिंह ऐरीले तीन विकेट झारे । नेपालले समूह चरणको आफ्नो अन्तिम खेल यही असार ३ गते सोमबार बङ्गालदेशसँग खेल्नेछ ।

# थोराङ्ला भञ्ज्याङको अनुगमन

रासस
मनाङ, १ असार

मनाङमा विपद् व्यवस्थापनको तयारी सुरु गरिएको छ । मनसुन भित्रिएसँगै हुनसक्ने सम्भाव्य विपद् को जोखिम न्यूनीकरणको तयारी सुरु गरिएको हो ।

विपद्को जोखिम न्यूनीकरण गर्ने उद्देश्यले चार हजार नौ सय १६ मिटर उचाइमा अवस्थित तिलिचो ताल जाने पदमार्ग र थोराइला भञ्ज्याङ पार गर्ने अन्नपूर्ण पदमार्गको अनुगमन गरिएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ । पदमार्गमा हुनसक्ने सम्भावित दुर्घटना न्यूनीकरणको तयारीका लागि अनुगमन गरी सम्बन्धित निकायसँग छलफल गरिएको प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समिति अध्यक्ष सुवासकुमार लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार खाङसार, याकखर्क, लेदर, हाइक्याम, बेसक्यामलगायतका पर्यटक बढी बसोबास गर्ने क्षेत्रका पर्यटन व्यवसायीलाई सचेत गराइएको छ । अनुगमनका क्रममा मुस्ताङ खण्डमा सचेतना तथा सूचना पाटी राख्ने विषयमा सुरक्षा निकायसँग छलफल भएको छ । उद्धारका लागि जिल्लाभरका लागि उपकरण अद्यावधिक गरी तयारी अवस्थामा राखिएको उहाँले बताउनुभयो । आवश्यक उपकरण राख्न र कर्मचारीलाई कार्य प्रतिकारका लागि तयार रहन र बाहिर जिल्ला जाँदा विपद् व्यवस्थापन समितिलाई जानकारी गराउन आग्रह गरिएको जनाइएको छ ।

पालिकास्तरमा विपद् सहायता कक्ष स्थापना, स्थानीय प्रतिकार टोली, रेडक्रसलगायतका सुरक्षा टोलीलाई तयार पारिएको छ । तालिम प्राप्त कोर टिम नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनालाई तयारी अवस्थामा राखिएको प्रजिअ लामिछानेले बताउनुभयो । मनसुनको सुरुआत भएसँगै विपद् व्यवस्थापन समितिले जीर्ण भएका साइनेज पोलको जडान तथा बाटो देखाउन राखिएका चिन्हको अवस्थाको तथ्याङ्क सङ्कलन गरिएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "साइनेज पोल र चिन्ह सङ्कलन भइरहेको छ, एक्यापलाई चिन्ह र पोल राख्नुपर्ने स्थानबारे जानकारी गराएका छौं ।"

**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. २५ हेम्जा गैरीमा सिंचाई कुलो मर्मत गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम :** लट्टे गौडा सिंचाई कुलो मर्मत योजना
**उपभोक्ता समितिको नाम:** लट्टे गौडा सिंचाई कुलो मर्मत उपभोक्ता समिति, पोखरा-२५, कास्की
**योजना सम्झौता मिति :** २०८१/०१/२५ गते
**योजना सुरु मिति :** २०८१/०१/२६ गते
**योजना सम्पन्न भएको मिति :** २०८१/०२/२५ गते
**महानगरपालिका बाट प्राप्त :** रु. २,००,०००/-
**समिति सदस्य : ५ जना**
**महिला सदस्य : ३ जना**

**तेजेन्द्र सापकोटा**
अध्यक्ष
**लट्टे गौडा सिंचाई कुलो मर्मत उपभोक्ता समिति**
पोखरा-२५, कास्की


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शत्रुको भय | तुला | अप्रत्यसित लाभ |
| वृष | झमेला बड्ने | वृश्चिक | सत्कार मिल्नेछ |
| मिथुन | कार्यमा सफलता | धनु | आर्थिक समस्या |
| कर्कट | शुभ यात्रा | मकर | मानसिक तनाव |
| सिंह | स्वास्थ्यमा सुधार | कुम्भ | शारीरिक झमेला |
| कन्या | सहयोग मिल्नेछ | मीन | व्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपाल वितरक महासंघ गण्डकी प्रदेशमा ढुंगाना

पोखरापत्र संवाददाता
पोखरा, १ असार



नेपाल वितरक महासंघ, गण्डकी प्रदेश समितिको शनिबार पोखरामा सम्पन्न भएको दोस्रो साधारणसभा तथा अधिवेशनले बद्री ढुङ्गानाको अध्यक्षतामा १३ सदस्यीय समिति सर्वसम्मत रुपमा निर्वाचित गरेको छ ।

समितिको वरिष्ठ उपाध्यक्षमा रमेश अधिकारी, उपाध्यक्षमा मनोज अधिकारी, महासचिवमा सुरेन्द्रकुमार श्रेष्ठ तथा कोषाध्यक्षमा बिजेन्द्र शर्मा पौडेल चुनिएका छन् । समितिका कार्यसमिति सदस्यहरुमा जितबहादुर खनाल, गुरुप्रसाद नेपाल, ज्ञानेन्द्र गौतम, निरज श्रेष्ठ, हेमन्त बानियाँ, राजाराम शर्मा र बालकृष्ण श्रेष्ठ छानिएका छन् । समितिमा निवर्तमान अध्यक्ष तेजेन्द्र पौडेल सहित प्रत्येक जिल्ला तथा नगर संघका अध्यक्षहरु पदेन सदस्य रहने प्रावधान रहेको निर्वाचन समितिका अध्यक्ष अनिल श्रेष्ठले जानकारी दिए । निर्वाचन समितिमा दिलिपकुमार श्रेष्ठ र कृष्णप्रसाद शर्मा सदस्य रहेका थिए । यसैबीच अधिवेशनको उद्घाटन गर्दै नेपाल वितरक महासंघका केन्द्रीय अध्यक्ष हरिराज पन्तले वितरक महासंघमा ४३ जिल्ला शाखा र तीन हजार सदस्य रहेको भन्दै ७७ जिल्लामा नै महासंघको शाखा पुर्याउने र हजारौं वितरकहरु बढाईने प्रतिवद्धता व्यक्त गरेउनले विभिन्न उध्योग प्रतिस्ठानबाट उत्पादन हुने उपभोग्य सामाग्री बजारसम्म पुर्याउने काम वितरकले गर्ने भयकोले यस विषयमा कम्पनिहरुले पनि आवश्यक सहयोग गर्नुपर्ने बताए । उनले सरकारले पनि वितरकका विषयमा आवस्यक सहयोग गर्नु पर्ने आग्रह गरे । महासंघका निवर्तमान अध्यक्ष सुरेश अधिकारीले अहिले हरेक व्यवसाय संकटमा रहेको भन्दै व्यवसाय सफल रुपमा अगाडी वढाउन सबै वितरकहरु एकतावद्ध भइ अगाडि बढ्नु पर्ने जानकारी गराए । उनले महासंघका सदस्यहरुका यावत समस्या ज्यु का त्यु रहेकोले समस्याको समाधान हामी सबै एक भयर गर्नु पर्ने बताए । महासंघका संस्थापक अध्यक्ष गोविन्द कर्माचार्यले संस्था स्थापना गर्नुका विविध पक्षबारे जानकारी गराए ।

कार्यक्रममा नेपाल वितरक महासंघ, गण्डकी प्रदेश समितिका अध्यक्ष तेजेन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय उपाध्यक्ष दुर्गाप्रसाद गौतम, नेपाल पत्रकार महासंघ कास्कीका सहसचिव श्रीराम सिग्देल,मदिरा व्यवसायी महासंघ गण्डकी प्रदेश अध्यक्ष गोविन्द के सी, अधिकृत विक्रेता संघ दमौली शाखा अध्यक्ष हरि खड्का, महासंघका उपाध्यक्ष मनोज अधिकारी तथा महासंघका महासचिव मनोज अधिकारी लगायतले नेपाल वितरक महासंघले गर्नु पर्ने काम तथा आगामी दिनमा महासंघले सदस्यहरुको संरक्षण, कर्तव्य र व्यवसायिक अधिकारका विषयमा आ आफ्ना धारणा राखेका थिए ।

# सगरमाथा स्कुलका विद्यार्थी गरे लब्ली डाँडाको सरसफाइ

सविता गुरुङ/स्मृति गाहा मगर
पोखरा, १ असार



पोखरा महानगरपालिका-१८ मा रहेको लब्ली डाँडा अधिकाँस पोखरेलीको परिचित ठाउँ हो । विशेषगरी विहानी र बेलुकी हिँड्नेहरुको लागि रोजाईमा यो ठाउँ पर्ने गरेको छ ।

व्यस्त दैनिकीका बीच थोरै समय हुनेहरु स्वास्थ्यका लागि लब्ली डाँडा चढ्छन् । पोखरा बजार हेर्दै शारीरिक अभ्यास र मनोरञ्जन लिन्छन् । यही अभ्यास गर्नेहरुको भीडले थुपारेको फोहरले भने पोखराको एक नीजि विद्यालयका विद्यार्थीको मन दुख्यो । पोखरा-४ मा अवस्थित सगरमाथा निकेतन स्कुलका विद्यार्थी शनिबार विहान लब्ली डाँडा पुगे र हातमा पञ्जा लगाएर यत्रतत्र छरिएको फोहर टिप्न थाले । विद्यालयमा गठन गरिएको स्काउट दलका विद्यार्थी र शिक्षक सहित २५ जनाको टोलीले लब्ली डाँडाको सरसफाई गरेको हो ।

विद्यार्थीहरुले सो क्षेत्रबाट कुहिने तथा नकुहिने गरी १५ बोरा फोहर संकलन गरी नष्ट गरेको विद्यालयका प्राचार्य दिलिप शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार वातावरणप्रतिको सचेतना अभिवृद्धिका लागि कार्यक्रम गरिएको हो । "विद्यार्थीलाई बाहिरि ज्ञान सँगै वातावरणप्रति सचेतना अभिवृद्धि गर्न विद्यार्थी, शिक्षक तथा कर्मचारी भएर सरसफाई कार्यक्रम गरेका हौं । यसले जथाभावी फोहोर गर्नु हुँदैन भन्ने सन्देश समेत दिएको छ ।" प्राचार्य शर्माले भन्नुभयो । विद्यार्थीले लब्ली डाँडाको फोहोर संकलन गरेपछि त्यहाँ अहिले सफा देखिएको छ । विद्यार्थीले जथाभावी फालिएका प्लाष्टिक, बोत्तल तथा अन्य फोहोर संकलन गरेका हुन् ।(विद्यार्थी पत्रकार)

# पोखरा इन्जिनियरिङ कलेजमा २ दिने यन्त्र फेस्टिबल आरम्भ

पोखरापत्र संवाददाता
पोखरा, १ असार




पोखरा इन्जिनियरिङ कलेजको स्व वि प ले आयोजना गरेको २ दिने यन्त्र इन्जिनियरिङ तथा आर्किटेक्चर फेस्टिबल आसार १ गते देखि आरम्भ भएको छ ।

समुदघाटन कार्यक्रम कलेज व्यवस्थापन समितिका अध्यक्ष हिरा गुरुङको प्रमुख अतिथ्यता र स्व वि प का सभापति विराट सिग्देलको सभापतित्वमा सम्पन्न भएको छ । कार्यक्रममा वक्ताहरुले यस कार्यक्रमले विद्यार्थीहरुमा आफुले पढेको प्राविधिक ज्ञानलाई व्यवहारीक रुपमा प्रदर्शनी गर्ने फोरमको रुपमा यन्त्रको विकास भएको बताए । त्यसैगरेर प्राविधिक प्रदर्शनी बाहेक साहित्य र सांगितीक कर्यक्रमले विद्यार्थी भित्र लुकेर रहेका विविध प्रतिभाको प्रष्फुटन हुने हुनाले यसको समिश्रणले फेस्टीभल अझ ओझिलो भएको बताए । विराट सिक्देल, ई. कृष्ण घिमिरे, चिजकाजी गुरुङ, डा. शैलेश गुरुङ ई. देवकाजी गुरुङ, शुभाष पण्डित, मुस्कान रज गौतम आदिले मन्तव्य दिएका थिए । आसार २ गतेसम्म चल्ने यन्त्र फेस्टीभलमा अर्किटेक्चर र इन्जिनियरिङका प्रदर्शनीहरु, टक शो, प्यानेल डिस्कसन, ह्याक्थोन प्रतियोगिता, पब्जी गेम प्रतियोगिता, अन्तर कलेज विभिन्न खेल प्रतियोगिता, चेस प्रतियोगिता, फुड स्टलहरु, साहित्यिक र सांगीतिक साँझ आदि फेस्टीभलका आकर्षणहरु रहेको सभापति विराट सिक्देलले बताए । कार्यक्रमको संचालन सचिव मिलन डुम्रे र कृति वाग्लेले गरेका थिए ।

# वर्षभरिको सिकाई 'फूड फेस्टिबल' मार्फत प्रस्तुत

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार



वर्षभरिको सैद्धान्तिक र प्रयोगात्मक ज्ञानलाई बाहिर ल्याउने गरि गैह्रापाटनस्थित पश्चिमाञ्चल माविले शनिबार एकदिने फूड फेस्टिबल आयोजना गरेको छ। कक्षा ११ र १२ मा अध्यापन हुने होटल व्यवस्थापन विषयका विद्यार्थीको संयोजनमा विद्यालयले फूड फेस्टिबल आयोजना गरेको हो।

फूड फेस्टिबलको शनिबार पोखरा पर्यटन परिषद् (पिसिटी)का अध्यक्ष पोमनारायण श्रेष्ठले उद्घाटन गरेका थिए। विद्यालयका प्राचार्य सरोज कोइरालाले एकवर्षसम्मको सैद्धान्तिक र प्रयोगात्मक ज्ञानलाई एकैठाउँ प्रस्तुत गर्नेगरि फूड फेस्टिबल आयोजना गरेको बताए। 'विद्याथीले कक्षा कोठामा सैद्धान्तिक ज्ञान लिएका थिए। बेलाबेला होटल घुमघाम र स्कुलको प्रयोगशालामा प्रयोगात्मक अभ्यास पनि गरेका थिए,' उनले भने, 'तर, वर्षभरिको अनुभवलाई बास्तविक रुपमा देखाउने गरि पहिलो पटक यो कार्यक्रम आयोजना गरेका हौ। हामीले किताबी ज्ञान मात्र दिन्नौ, वास्तविक अभ्यास पनि गराउँछौं।' आगामि दिनमा पनि विद्यालयले यस्तै कार्यक्रम गर्ने उनले बताए। होटल व्यवस्थापनकै विद्यार्थीले उक्त अवसरमा विभिन्न प्रकारका परिकार बनाएका थिए।

प्रमुख अतिथि परिषद् अध्यक्ष श्रेष्ठले पर्यटन क्षेत्रमा खानाको पनि महत्व रहेको बताए। उनले स्वादिलो खाना पस्किन नसके पर्यटनको महत्व हराउने बताए। 'सबै पाहुनाले खानाको मिठो स्वाद खोजिरहेका हुन्छन। स्वस्थ र स्वादिलो खाना बिना पर्यटन सम्भव हुँदैन,' उनले भने, 'पाहुनाको सत्कारमा खानाको महत्व छ।' पोखरा पर्यटकीय राजधानी भएकोले पनि होटल व्यवस्थापन शिक्षाको अझै बढी महत्व रहेको उनले बताए।

पोखरामा होटल व्यवस्थापन अध्यापन हुने धेरै शैक्षिक संस्था भएपनि त्यहाँ उत्पादित शैक्षिक जनशक्ति अहिलेसम्म बिदेश पलायन हुने गरेकोले उनीहरुलाई रोक्न जरुरी रहेको अध्यक्ष श्रेष्ठले बताए। 'होटल व्यवस्थाप अध्यापन गराउने शिक्षण संस्थासँग सहकार्य गरेर हामीले यहाँको जनशक्तिलाई स्वदेशमै रोक्ने पहल गर्नेछौं,' उनले भने, 'स्वदेशमै काम र दाम पाइने अवसर रहेकोले वेवास्ता गर्नु हुँदैन।' होटल व्यवस्थापनसँग रोजगारी र आम्दानीको पनि महत्व रहेको उनले बताए। 'एकैजना सेफले पोखरामा लाखौं रुपैयाँ तलब पाउँछन। त्यसैले अब विदेश होइन, स्वदेशमै केही गर्नुपर्छ,' उनले भने, 'पढ्ने बित्तिकै लेकसाइडमै रोजगार पाइन्छ भन्ने सन्देश दिलाउन जरुरी छ।'

विद्यालयकी सह प्राचार्य प्राचार्य मिनु श्रेष्ठ कुवरले फूड फेस्टिबलको सुरुवात भएको र आगामि वर्ष पनि यस्तै गतिविधि गर्ने बताईन। 'वर्षभरी सिकेको सिकाईलाई वास्तविक रुपमा पस्कन सक्ने सक्षम विद्यार्थी तयार भएको यो कार्यक्रमले पुष्टि गरेको छ,' उनले भनिन। विद्यालयका दश जोड दुइका संयोजक देव क्षेत्रीले प्लस टु मा सक्रिय विद्यार्थीको पहलमा यो कार्यक्रम भएको बताए। एक वर्षमा विद्यार्थीले केके सिके भन्ने देखाउने ठाँउ महोत्सव बनेको उनले बताए। पश्चिमाञ्चल फाउन्डेसनका अध्यक्ष प्राडा रामनाथ ओझाले विद्यार्थीको वास्तविक ज्ञानको पुष्टि गर्नका लागि यस्तै थलो आवश्यक परेको बताए। 'किताबी ज्ञानले मात्र पुग्दैन। अब त हामीले अतिरिक्त कोर्ष अध्यापन गराएर भएपनि विद्यार्थीलाई अब्बल बनाउने तयारी गरिरहेका छौ,' उनले भने। विद्यालयका अतिरिक्त गतिविधिका संयोजक आत्मराम अधिकारीका अनुसार कार्यक्रममा खानासँगै विभिन्न खेल र मनोरञ्जनात्मक गतिविधि गरिएको बताए। विद्यालयमा ११ र १२ कक्षामा मानविकी, कानुन, व्यवस्थापन, होटल व्यवस्थापन विज्ञान विषयमा अध्यापन हुँदै आएकोमा आगामि शैक्षिक सत्रदेखि व्यवस्थापन अन्तरगत रहेर सौन्दर्य कलाको पनि अध्यापन हुँदैछ।

# गायत्री सिकाई केन्द्रको प्रशिक्षण सम्पन्न

**सविता गुरुङ/स्मृति गाहा मगर**
पोखरा, १ असार




गायत्री बहुउद्देश्यीय सामुदायिक सिकाई केन्द्र, घार्मीले अभिभावकलाई प्रशिक्षण दिएको छ।

पोखरा महानगरपालिका वडा नं १९ लाई कार्य क्षेत्र बनाई विभिन्न शैक्षिक तथा सामाजिक कार्य गर्दै आएको सो केन्द्रले त्यस वडाका सामुदायिक विद्यालयका अभिभावकलाई प्रशिक्षण दिएको हो। महेन्द्र माविको व्यवस्थापनमा भएको कार्यक्रममा प्रशिक्षक ढक बहादुर पुनले अभिभावकसँग बालबालिकाको शिक्षा, बाल रूचि, बाल अधिकार, योगा र व्यायामका विषयमा प्रशिक्षण दिएका थिए। प्रशिक्षक पुनले बालबालिकाको रूचि र चाहाना अनुसारको शिक्षा भए मात्र उनीहरुले सफलता प्राप्त गर्ने बताए। यसअघि कार्यक्रमको उद्घाटन गर्दै वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले आफ्ना बालबालिकालाई कसरी अध्ययनशील बनाउन सकिन्छ भन्ने विषयमा स्वयं अभिभावक नै जिम्मेवार हुनुपर्ने वताए। उनले बालबालिका केन्द्रित शैक्षिक गतिविधि सञ्चालन गर्न वडा शिक्षा समितिमा छलफल गरी कार्यान्वयन गरिने स्पष्ट पारे। केन्द्रका अध्यक्ष शोभामोहन पौडेलले शिक्षा क्षेत्रको विकासले मात्र राष्ट्र समृद्ध बन्ने बताए।कार्यक्रममा महेन्द्र माविका प्रधानाध्यापक बासुदेव पौडेल, अध्यक्ष बैकुण्ठ पौडेल, विन्ध्यश्वरी माविका प्रधानाध्यापक श्रीराम आर्चाय, भुमेश्वर आधारभूत विद्यालयका प्रधानाध्यापक माधव प्रसाद आचार्य, गायत्री आधार भूत विद्यालयका प्रधानाध्यापक प्रमिला पौडेल, अध्यक्ष कुलचन्द्र पौडेल, केन्द्रका परिचालक पवित्रा पौडेल लगायतकाले प्रशिक्षणले बालबालिकाको चाहाना बुझ्न सघाउ पुर्याउने बताएका छन्। केन्द्रका अध्यक्ष शोभामोहन पौडेलको अध्यक्षतामा भएको कार्यक्रमको सन्चालन सचिव बैकुण्ठ पौडेलले गरेका थिए।

प्रशिक्षणमा त्यस वडाका विभिन्न सामुदायिक विद्यालयका अभिभावकहरूको सहभागिता रहेको थियो। (विद्यार्थी पत्रकार)

# अन्तर वडा स्तरीय हेमजा भेट्रान्स कप सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार



पोखराको हेमजामा शनिबार देखि अन्तर वडा स्तरीय हेमजा भेट्रान्स कप २०८१ सुरु भएको छ।

"युवा एकता र विकासका लागि खेलकुद" भन्ने मुल नाराका साथ हेमजा यूनाईटेडको आयोजना तथा पोखरा महानगरको संरक्षणमा सुरु भएको प्रतियोगिताको वडा न.२५ हेमजाका अध्यक्ष एवं महानगर प्रवक्ता मोतिलाल तिम्सिनाले उद्धघाटन गरे। उद्धघाटन खेलमा आयोजक वडा नं२५ हेमजालाई ०-२ गोलको अन्तरले पछि पार्दै वडा न.१ बगरले विजय सुरुवात गरेको छ। खेलको ३४ औं मिनेटमा वडा नं १ का राजु तामाङले पहिलो गोल गरे। साथै खेलको ५३ मिनेटमा वगरका अन्तिम गुरुङले दोस्रो गोल गर्दै २ गोलको अग्रता कायम गर्न सफल भए। प्रवक्ता एवं वडा अध्यक्ष मोतिलाल मिम्सिनाले प्रतियोगिताको उद्धघाटन यस क्षेत्रका बिभिन्न खेलकुदका विधामा रहेमा राष्ट्रि खेलाडीहरुको स्मरण गर्दै हेमजा खेलकुदको उर्भर भुमि भएको बताए। हेमजाले बिगतमा एतिहासिक अन्तर्राष्ट्रिय हेमजा गोल्ड कप सम्पन्न गरेर छ जुन हेमजाको गौरब हो भने। गौरीशंकार खेलमैदानको पुर्वाधार विकासका लागि महानगरले गत बर्ष ४० लाख बजेट बिनियोजन गरेको, साथै यस हेमजा भेट्रान्स कपका लागि पनि ४ लाख रकम सहयोग गरेको उल्लेख गरे। कार्यक्रममा वडा नं १ का वडा अध्यक्ष शाहारा प्रधान, विभिन्न पाटीको प्रतिनिधित्व गर्दै नेकपा एमालेका वडा सचिब देबिप्रसाद अधिकारी, टोलविकास संमन्वय संस्था तथा सामुदायिक प्रहरी हेमजाका अध्यक्ष दान बहादुर भुजेल,गौरीशंकर मा.वि प्रधानाध्यपक अमर बहादुर कुवर लगाएतले खेलकुद मानव जिवनको लागि अपरिहाय भएको धारण राखेका थिए। कार्यक्रमका अवसरमा पोखरा हेमजा हनुमान चोकका निवासी सिता सापकोटाले २०७९ माघ १ गते काठामाडौं देखि पोखरा आउदै गरेको यति एयरलायन्सको जहाज दुर्धटनामा परि निधन भएका छोरा स्वः राजन सापकोटा र बुहारी स्वः अनिषा सापकोटाको स्मरणमा हेमजा यूनाईटेडद्धारा संचालन गरिएको फुटबल ऐकेडीमिको लागि २ लाख २२ हजार २ सय २२ रुपया सहयोग गरिन। हेमजा युनाईटेडका अध्यक्ष राजेश त्रिपाठीको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत उपाध्यक्ष उमा भुर्तेल पौडेलले संचालन सचिब सुनिल गायकले गरेका थिए। असार ७ गते सम्म जारी रहने अन्तर वडा स्तरीय हेमजा भेट्रान्स कप २०८१ को प्रथम पुरस्कार रु १,११,१११ र द्धितिय पुरस्कार ५५,५५५ साथमा ट्रफी, मेडल र प्रमणपत्र रहेको छ। साथै सर्वोकृष्ट खेलाडीलाई नगद रु ५,००० र-,सर्वाधिक गोलकर्ता, गोलरक्षक, डिफेन्डर, मिडफिलड,फरवार्ड लाई प्रत्यक विधामा नगद रु २०००र- साथमा ट्रफी प्राप्त गर्ने छन। क्वाटरफाईनल देखिका खेलहरुमा म्यान अफ दि म्याच धोषित गरि ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ।

# सृजनामा समर मेला-२०८१ सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार



पोखरा-८, सृजनाचोक शान्तिमार्गमा अवस्थित सृजना सेकेण्डरी स्कुलमा जेष्ठ ३२ गते र असार १ गते दुई दिवसीय रूपमा सृजना समर मेला २०८१ सम्पन्न भएको छ।

शैक्षिक सत्र २०८० को एस.ई.ई. परीक्षामा सम्मिलित विद्यार्थीहरूको शैक्षिक वृद्धि, व्यक्तित्व तथा नेतृत्व विकासका साथै सामाजिक सचेतना जगाउने उद्देश्यका साथ उक्त मेला आयोजना गरिएको थियो। विद्यालयका संस्थापक प्राचार्य डोलराज पाण्डेले उद्घाटन गर्नुभएको मेलामा विभिन्न विधाका १४ ओटा स्टलहरू राखिएका थिए। मेलाका दुवै दिन हस्पिटालिटी म्यानेजमेन्ट, साइबर अपराध तथा लागु पदार्थ दुर्व्यसनी, स्टक मार्केट, नेतृत्व सिप विकास तथा साइबर सेक्युरिटीजस्ता विभिन्न विषयमा विषय विज्ञहरूद्वारा तालिम सञ्चानल गरिएको थियो। यसका साथै विज्ञान, पुस्तकालय तथा आइटी सम्बन्धी प्रदर्शनी समेत राखिएको थियो। मेलामा कक्षा ११ होटल म्यानेजमेन्ट समूहका विद्यार्थीहरूको सक्रियातामा फुड फियस्ट सञ्चालन भएको थियो भने विज्ञान तथा व्यवस्थापन समूहका विद्यार्थीहरूद्वारा विभिन्न मनोरञ्जनात्मक खेलहरू सञ्चालन भएका थिए। यसका साथै गण्डकी प्रदेश स्तरीय टेबल टेनिस प्रतियोगिता सम्पन्न भएको थियो। उक्त प्रतियोगितामा २०८० को एस.ई.ई. परीक्षामा सम्मिलित विद्यार्थीहरू सहभागी भएका थिए। कास्की जिल्ला टेबल टेनिस संघका अध्यक्ष तथा गण्डकी प्रदेशका संयोजक उत्तम जोशीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त प्रतियोगितामा छात्रा तर्फ १५ जना र छात्र तर्फ ६० जना खेलाडी विद्यार्थीहरूको सहभागीता रहेको खेलमा छात्रातर्फ सगरमाथा तिकेतनकी सेजल बानियाले प्रथम स्थान हसिल गरिन् भने ग्लोबल कलेजियट स्कुलकी सुस्मी गुरुङले द्वितीय स्थान र सेन्ट मेरिज स्कुलकी गौरी भुजेल तथा नोबेल सेकेण्डरी स्कुलकी सुदिक्षा पाण्डेले तृतीय स्थान हसिल गरेका थिए।

यसैगरी छात्रतर्फको खेलमा नेशनल इन्भेन्टिभ स्कुलका यूनिस भुजेल, ग्लोबल कलेजियटका नितेश गुरुङ, पुष्पसदन एकेडेमीका अनमोल थापा तथा लिटिल स्टेप स्कुलका गौरव शेरचन क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका थिए। असार १ गते खेलको समापनको क्रममा विजेता खेलाडीहरूलाई पुरस्कार र प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो। खेलको उद्घाटनका क्रममा राष्ट्रिय खेलकुद परिषदको आयोजनामा सञ्चालित प्रदेश स्तरीय यू-१५ टेबलटेनिस छनोट प्रतियोगितामा गण्डकी प्रदेश प्रथम भई राष्ट्रिय स्तरको खेलमा तृतीय स्थान हासिल गरी सृजना सेकेण्डरी स्कुलको गरिमा उच्च राख्न सफल छात्राहरू राजश्री अधिकारी र सक्रिया पोखेल एवम् गण्डकी प्रदेश प्रथम तृषा गुरुङलाई सम्मान समेत गरिएको थियो।

मेलामा उपस्थित विद्यार्थी लगायत सम्पूर्ण महानुभावहरूलाई मनोरञ्जन प्रदान गर्न जेष्ठ ३२ गते रङ्गमञ्च ब्याण्डको प्रस्तुति र असार १ गते इन्टरभल ब्याण्डको प्रस्तुति रहेको थियो। यसका साथमा विविध सांस्कृतिक कार्यक्रम समेत प्रस्तुत गरिएको थियो। मेलालाई भव्य र सभ्य रूपमा सम्पन्न गर्न खट्नुहुने शिक्षक, कर्मचारी, विद्यार्थी लगायत सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै विद्यालय निर्देशक सीता पाण्डेले कार्यक्रमको समापन गर्नुभएको थियो।

# बागलुङमा बने दुई वर्षमा ४१ झोलुङ्गे पुल

**पोखरापत्र संवाददाता**
बागलुङ, १ असार

बागलुङमा पछिल्लो दुई वर्षमा ४१ वटा झोलुङ्गे पुल निर्माण भएका छन्। आर्थिक वर्ष २०७९/८० मा २५ र चालु आर्थिक वर्षमा १६ वटा झोलुङ्गे निर्माण भएका हुन्।

झोलुङ्गे पुल निर्माणपछि जोखिम मोलेर यात्रा गर्ने हजारौं स्थानीय लाभान्वित भएका छन्। जिल्लाका १० पालिकामा प्रदेश र स्थानीय तहको लगानीमा झोलुङ्गे पुल निर्माण भएका हुन्।

पूर्वधार विकास कार्यालय बागलुङका इञ्जिनियर गोपाल चापागाईंले यस वर्षभन्दा अघिल्लो वर्ष धेरै पुल निर्माण भएको जानकारी दिनुभयो। उहाँका अनुसार चालु आर्थिक वर्षमा बागलुङ नगरपालिकामा दुई र अघिल्लो वर्ष चार गरी छ पुल निर्माण भएका छन्।

गलकोट नगरपालिकामा अघिल्लो र यस वर्ष एक/एक गरी दुई पुल बनेका छन्। ढोरपाटन नगरपालिकामा अघिल्लो वर्ष चार र यस वर्ष दुई गरी छ पुल निर्माण भ

एको उहाँको भनाइ छ। जैमिनी नगरपालिकामा अघिल्लो वर्ष तीन र यस वर्ष दुई गरी पाँच झोलुङ्गे पुल बनेको इञ्जिनियर चापागाईंले बताउनुभयो। चापागाईंका अनुसार निसीखोला गाउँपालिकामा अघिल्लो वर्ष पाँच र यस वर्ष चार गरी नौ वटा पुल बनेका छन्। तमानखोला गाउँपालिकामा अघिल्लो आर्थिक वर्षमा दुई र चालु वर्षमा एक गरी तीन वटा पुल बनेको उहाँले जानकारी दिनुभयो। बडिगाड गाउँपालिकामा गत वर्ष एक र यस वर्ष यस वर्ष चार गरी पाँच वटा पुल बनेको इञ्जिनियर चापागाईं बताउनुहुन्छ। ताराखोला गाउँपालिकामा गत वर्ष तीन वटा पुल बनेका थिए। काठेखोला गाउँपालिकामा अघिल्लो वर्ष दुई र यस वर्ष दुई गरी चार वटा पुल बनेको चापागाईंले बताउनुभयो। पुल निर्माण भएपछि खोला वारपारमा निकै भहज भएको ढोरपाटन नगरपालिका-९ का बलबहादुर घर्तीमगरले बताउनुभयो। उत्तरगङ्गा नदीमा सीमित ठाउँमा मात्रै पुल हुँदा स्थानीयले सास्ती खेप्दै आएकोमा अहिले ठाउँठाउँमा पुल बनेपछि समस्या समाधान भएको उहाँको भनाइ छ। बर्खाको समयमा उत्तरगङ्गा नदीले बर्सेनि दुई/तीन जना बगाउने गरेको भन्दै अब कोही पनि बगेर मृत्युवरण गर्नु नपर्ने घर्तीमगर बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "हिउँदका समयमा बस्तुभाउ वारिपारी खोलाबाटै गराइन्थ्यो, मान्छे पनि खोला तरेरै वारपार गर्थे, बर्खा लाग्थ्यो बने खोला बढेर माथिमाथि आउँछ, तर्न त के छेउमा जान पनि सकिँदैन, पुल नहुँदा यहाँका धेरै नागरिकले दुःख पाए, अहिले त पुल बनेको छ, केही सुविस्ता होला भन्ने आशा गरेका छौं, केटाकेटीहरु पनि सजिलै वारपार गर्नेछन्।"

# परिवार नियोजन संघ कास्कीद्वारा अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १ असार



नेपाल परिवार नियोजन संघ कास्की शाखाले सामुदायिक महिला स्वास्थ्य स्वयसेविकाका लागि यौन तथा प्रजनन् स्वास्थ्य अभिमुखीकरण कार्यक्रम गरेको छ।

संघले पोखरा महानगरपालिका वडा नं २८ का स्वयंसेविकाका लागि सौर्यस्थित माझठाना स्वास्थ्य चौकीमा कार्यक्रम गरेको हो। कार्यक्रममा वडाभित्र कार्यरत स्वयंसेविकाको सहभागिता रहेको थियो। कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीले संचालन गरिरहेको यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धी सेवा बारेमा जानकारी दिइएको सभापति नवीन सिग्देलले जानकारी दिनुभयो।

कार्यक्रममा शाखाका बरिष्ठ शाखा प्रवन्धक नवराज तिवारीले सहजिकरण गर्नुभएको थियो।

कार्यक्रम उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं २८ का वडा अध्यक्ष श्रीकृष्ण लामिछानेले वडाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो। नेपाल परिवार नियोजन संघका केन्द्रीय महासचिव अर्जुन सिग्देलले यौन तथा प्रजनन् स्वास्थ्य सेवालाई महत्व दिएर सेवा संचालन गरेको उल्लेख गर्नुभयो। नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रम माझठाना स्वास्थ्य चौकी प्रमुख विनोद तिवारीले संचालन गर्नुभएको थियो।